# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।०८।०७ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

सामुदायिक विद्यालय राष्ट्रिय माध्यमिक विद्यालय, कास्कीको भवन कानून विपरीत निजी बोर्डिङ स्कूललाई भाडामा दिई भ्रष्टाचार गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा राष्ट्रिय माध्यमिक विद्यालय, पोखरा-१, पुरानो टुँडिखेल, कास्कीको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राम विक्रम राणा, पोखरा महानगरपालिका वडा नं. १ का वडा अध्यक्ष एवं पदेन सदस्य शाहारा प्रधान, विद्यालय व्यवस्थापन समितिका सदस्यहरु बरुण विक्रम राणा, सोवनाथ भट्टराई, विष्णुमाया लामिछाने, नारायणप्रसाद चापागाई, अञ्जुली बोर्डिङ्ग स्कूल प्रा.लि का संचालक राजु के.सी तथा उक्त बोर्डिङ्ग स्कूलको प्रिन्सिपल सुनिता कुँवर के.सी सँगको मिलेमतो तथा योजनामा सरकारी सार्वजनिक सम्पत्ति निजी प्रयोगमा लगाई दुरुपयोग गर्ने गरी सरकारी/सामुदायिक विद्यालयको रुपमा संचालित राष्ट्रिय माध्यमिक विद्यालय, कास्कीको नाममा जिल्ला कास्की पोखरा उपमहानगरपालिका वडा नं.१ स्थित कित्ता नं. ३४३ क्षेत्रफल ३७-८-०२ (१९०९४.३० वर्ग मिटर) जग्गामा बनेका पूर्वाधारहरु नै प्रयोग प्रचलन गर्ने गरी राजु के.सी संचालक र प्रिन्सिपल निजको श्रीमती सुनिता कुँवर के.सी रहेको अञ्जुली आवासीय माध्यामिक विद्यालयलाई भाडामा दिनको लागि स्थलगत निरीक्षण गरेर प्रतिवेदन पेश गर्न बरुण विक्रम राणाको संयोजकत्वमा विष्णुमाया लामिछाने र नारायण प्रसाद चापागाई सदस्यहरु रहने गरी मिति २०८०/०५/२३ गते विद्यालय व्यवस्थापन समितिको बैठक बसी समिति गठन गरे गराएको, निज प्रतिवादीहरुले पूर्व योजना बमोजिम नै अञ्जुली आवासीय माध्यमिक विद्यालय, कास्कीलाई राष्ट्रिय माध्यमिक विद्यालय, कास्कीको जग्गा/भवन भाडामा दिन ३० वर्षको करारनामा गरी दिन सिफारिस गरे गराएको, सोही प्रतिवेदनलाई आधार मानेको देखाई सरकारी सार्वजनिक सम्पत्ति निजी प्रयोगमा ल्याउने बदनियतले मिति २०८०/११/२६ गते राष्ट्रिय माध्यमिक विद्यालय, कास्कीको विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुले सदस्य सचिव (प्रधानाध्यापक) को अनुपस्थितिमै बैठक बसी बसाई सरकारी/सामुदायिक स्तरमा संचालित राष्ट्रिय माध्यमिक विद्यालय, कास्कीको नाममा जिल्ला कास्की पोखरा उपमहानगरपालिका वडा नं.१ स्थित कित्ता नं. ३४३ को जग्गामा बनेको सरकारी/सार्वजनिक पूर्वाधारहरु नै प्रयोग प्रचलन गर्ने गरी जम्मा क्षेत्रफल अन्दाजी ४ रोपनी भवन सहितको जग्गा निजी तवरमा संचालित अञ्जुली आवासीय माध्यामिक विद्यालय, कास्की (संस्थागत विद्यालय) लाई १२ वर्षको लागि भाडामा दिने गरी निर्णय गरे गराएको देखिएको, उक्त निर्णय गर्ने कार्यमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राम विक्रम राणा, सदस्यहरु शाहारा प्रधान, नारायण प्रसाद चापागाई, विष्णुमाया लामिछाने, शोवनाथ भट्टराई, बरुण विक्रम राणासमेत संलग्न रही उक्त निर्णयमा दस्तखत गरेको, यसरी सरकारी/सामुदायिक तवरमा संचालित राष्ट्रिय माध्यमिक विद्यालय, कास्कीको तर्फबाट राम विक्रम राणा र निजी/संस्थागत तवरमा संचालित अञ्जुली आवासीय माध्यमिक विद्यालयको तर्फबाट सुनिता कुँवर के.सीले दस्तखत गरी मिति २०८०।१२।०१ गते देखि लागू हुने गरी १२ वर्षका लागि राष्ट्रिय माध्यमिक विद्यालय, कास्कीको नाममा रहेको करिव ४ रोपनी जग्गामा निर्मित भवन सहितका सार्वजनिक सम्पत्ति निजी प्रयोग प्रचलनमा दिने लिने गरी मिति २०८०।११।२९ गते सम्झौता गरे गराएको, कानुनी व्यवस्थाको विपरित रहेको भनी पोखरा

महानगरपालिका, नगरकार्यपालिकाको कार्यालय, शिक्षा महाशाखाको प्रतिवेदन र पोखरा महानगरपालिका १ नं. वडाका वडा अध्यक्षले मिति २०८२/०४/२० गते राष्ट्रिय माध्यमिक विद्यालय, कास्कीको विद्यालय व्यवस्थापन समितिलाई सम्वोधन गरी करार रद्ध गर्न लेखेको पत्रसमेतबाटसमेत थप पुष्टि भएको देखिंदा करार सम्झौताको आधारमा संकलित दुषित रकम प्राप्त गर्न गराउन राष्ट्रिय माध्यमिक विद्यालय, कास्कीको नाम र छाप भएको नगदी रसिद जारी गरी संस्थागत/निजी विद्यालयको रुपमा रहेको अञ्जुली आवासीय माध्यमिक विद्यालय, पोखराबाट रकम असुल गरी गराई सरकारी सार्वजनिक संस्था/विद्यालयको नाम तथा छापको दुरुपयोगसमेत गराई मिति २०८२ असार सम्ममा जम्मा **रु.१५,२९,४०८।-(पन्ध्र लाख उनन्तीस हजार चार सय आठ रूपैयाँ)** रकम वरावरको सार्वजनिक सम्पत्ति निजी प्रयोग प्रचलनमा ल्याई सो बापतको रकम लिई दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेको हुँदा उक्त कसूर कार्यमा संलग्न देहायका प्रतिवादी उपर देहाय बमोजिम सजायको मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | राष्ट्रिय माध्यमिक विद्यालय, पोखरा-१, पुरानो टुँडिखेल, कास्कीका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष **राम विक्रम राणा**, पोखरा महानगरपालिका वडा नं. १ का वडा अध्यक्ष एवं पदेन सदस्य **शाहारा प्रधान**, विद्यालय व्यवस्थापन समितिका सदस्यहरु **बरुण विक्रम राणा, सोवनाथ भट्टराई, विष्णुमाया लामिछाने र नारायणप्रसाद चापागाई** | रु.१५,२९,४०८।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु. पन्ध्र लाख उनन्तीस हजार चार सय आठ रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संसोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम विगो असुल उपर हुन एवं कानूनी व्यवस्थाको प्रतिकुल हुने गरी सरकारी/सामुदायिक प्रकृतिको राष्ट्रिय माध्यमिक विद्यालयको भवन सहितको जग्गा ३० वर्षको लागि निजी स्तरमा संचालित संस्थागत विद्यालयलाई दिन हुने भनी झुट्टा विवरण सहितको गलत प्रतिवेदन दिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा प्रतिवादीहरु **बरुणविक्रम राणा, नारायण प्रसाद चापागाई र विष्णुमाया लामिछाने**लाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवाना सजाय समेत हुन मागदाबी लिइएको छ। |
| २. | **अञ्जुली बोर्डिङ्ग स्कूल प्रा.लि तथा उक्त** प्रा.लि का संचालक **राजु के.सी** र उक्त बोर्डिङ्ग स्कूलको प्रिन्सिपल **सुनिता कुँवर के.सी** | रु.१५,२९,४०८ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी प्रकृतिको लाभ लिने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा मुख्य कसुरदारहरुलाई विगो रु.पन्ध्र लाख उनन्तीस हजार चार सय आठ रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संसोधन सहित) को |

| | | | |
|---|---|---|---|
| | | | दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम विगो असुल उपर हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
राजेन्द्र कुमार पौडेल